# ६ येशू मानिसहरुसँग घुलमिल गर्नुहुन्छ

*<u>यस अध्यायका मूल पदहरू:</u>* मत्ती १:२२,२३; यूहन्ना १:१४; लूका १५:३-२४; मत्ती ९:१०-१३; भजन ५१:१७; १ यूहन्ना २:१६ र फिलिप्पी २:१३-१५।

*<u>यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:</u>* **"पापीहरू र कर लिने सरकारी कर्मचारीहरू सबै जना येशूको वरिपरि झुम्मिएका थिए किनभने तिनीहरू उहाँको मुखारबाट निस्केका वचनहरू सुन्न उत्सुक थिए। तर यहूदी धर्मका गुरू फरिसीहरू र धर्मशास्त्रका पण्डितहरूचाहीं एक आपसमा कानेखुशी गर्दै थिए। तिनीहरूले भन्दै थिए: "उहाँ कस्तो मानिस हो, उहाँले त पापीहरूलाई पो सत्कार गर्नुहुन्छ र त्यतिमात्रै नभएर तिनीहरूसँगै बसेर खानुहुन्छ!" (लूका १५:१,२ रूपान्तरित)।**

चर्चको एक जना अगुवा वा डिकनले एक युवा समूहलाई आफ्नो मोटरमा राखेर जेष्ठ नागरिकहरू राख्ने ठाउँमा लगे र तिनीहरूको सामु प्रत्येक महिना परमेश्वरको आराधना गर्न सुरू गर्न थाले। प्रथम् हप्तामा परमेश्वरको उपासना गर्न लाग्दा एक जना बृद्ध मानिस आफ्नो ह्विलचेयरमा आएर त्यस डिकनको हात समातेर राखे। प्रत्येक महिना, आराधना गर्ने समयमा त्यस मानिसले डिकनको हात समातेर राखेका थिए। एक दिन जब युवकहरू त्यस ठाउँमा आए ह्विल चेयरमा बस्ने त्यस मानिसलाई देखेनन्। त्यहाँको एक जना कर्मचारीले तिनीहरूलाई भने कि उक्त मानिसले त्यस रात कटाउन सक्दैन होला। डिकन त्यस बृद्ध मानिसको कोठामा गए जहाँ उनी अचेत अवस्थामा थिए। त्यस मानिसको हात समातेर डिकनले यो प्रार्थना गरे कि परमेश्वरले त्यस मानिसलाई अनन्त जीवन दिउन्। त्यो मर्न लागेको मानिसले त्यस डिकनको हात कडा गरेर समाते। त्यस डिकनलाई थाहा भयो कि उनको प्रार्थना परमेश्वरले सुन्नुभयो। आँखाभरी आँशु झारेर उनी त्यस कोठाबाट निस्के र एक जना महिलासँग उनी ठोक्किन पुगे। त्यस महिलाले उनलाई भनिन्, "म उनको छोरो हुँ। उनले तपाईंलाई पर्खिरहेका थिए। मेरो बुबाले भन्नुभएको थियो 'महिनाको प्रत्येक हप्ता येशूले आएर मेरो हात समात्नुहुन्छ।

येशूको हात एक फेरा फेरि नसमातिकन म मर्न चाहन्न।'" *द लिस्ट अभ दिज,* ओल्ड फाशन पिक्चरस् (२००४)को भिडियो प्रस्तुतीबाट रूपान्तरित।

इसाई आस्थाको मूल सार नै अरूको निम्ति "येशू" हुनु हो। अबको केही अध्यायहरूमा हामीले येशूको सेवाकार्यमा ध्यान केन्द्रित गर्नेछौं। उहाँका तरिकाहरू सिकेर उहाँको चर्च उहाँले जस्तै सेवा गरेर कसरी जिउन सकिन्छ भनि हामीले जान्नेछौं।

## १. येशू ख्रीष्टको तरिकाले मात्र (मत्ती १:२२,२३)

मानिसहरूले मुक्ति पाउन् भनेर येशूले आफ्नो हात तिनीहरूको सामु कसरी पसार्नुभयो भनेर एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको उद्‌गारलाई प्रायजसो उदृध गरेको पाइन्छ। (यही सन्दर्भमा मत्ती ९:३५,३६लाई उदृध गर्नु उचित देखिन्छ: "३५ येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो। ३६ तर भीड़हरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालाविनाका भेड़ाहरूजस्तै हैरान र असहाय भएका थिए।"))।

एलेन जी ह्वाइटले यसरी व्यक्त गर्छिन्: "यदि हामीहरू मानिसहरूकहाँ जानु छ भने येशूले अपनाउनुभएको तरिकाले मात्र हामीहरूले सफलता हासिल गर्न सक्छौं। उद्धारकर्ता येशू मानिसहरूसँग यस्तरी घुलमिल गर्नुभयो कि तिनीहरूको हित चाहने व्यक्तित्वको रूपमा उहाँ चिनिनुभएको थियो। उहाँले तिनीहरूप्रति सहानुभूति देखाउनुभएको थियो, आवश्यकतामा परेका मानिसहरूको सेवा गर्नुभएको थियो। उहाँले तिनीहरूको विश्वासलाई जित्नुभएको थियो। अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग।"-मिनिस्त्री अभ हिलिङ्ग, पृ. १४३बाट रूपान्तरित)।

मानिसहरूको मन जित्ने येशूको त्यस तरिकालाई हामीले अलिकति नजिकै नियालेर हेरौं।

१. मानिसहरूको असल वा भलो चाहने व्यक्तित्वको रूपमा आफू चिनुन भनेर येशू मानिसहरूको बीचमा घुलमिल गर्नुभयो (उहाँले आफूलाई एक हितैषीको सञ्जालमा पार्नुभयो)।

२. येशूले मानिसहरूलाई सहानुभूति देखाउनुभयो तथा तिनीहरूको दुःखप्रति उहाँ संबेदनशील हुनुभयो (उहाँले आफूलाई मानिसहरूसँग सम्बन्ध राख्नुभयो)।
३. मानिसहरूको आवश्यकता अनुसार उहाँले तिनीहरूको सेवा गर्नुभयो। (यसले गर्दा आफूलाई चाहिएको समयमा येशू नजिक हुनुहुन्छ भन्ने अनुभूति उहाँले मानिसहरूलाई दिनुभयो)।
४. जब उहाँले माथिका तिन कदमहरू चाल्नुभयो तब उहाँले मानिसहरूको बिश्वासलाई जित्नुभयो।
५. "अनि उहाँले भन्नुभयो" मेरो पछि लाग" (अर्थात् उहाँको उपासक वा भक्त हुन उहाँले मानिसहरूलाई आह्वान गर्नुभयो)।

सुसमाचार प्रचार गर्न आवश्यकता भएको सम्पूर्ण विधिहरूको अनुकरणीय उदाहरण हामीले येशूका ती कदमहरूबाट सिक्न सक्छौं। यदि ती कदमहरू हामीले पनि अपनायौं भने हामीले अझ प्रभागकारी रूपमा सुसमाचार प्रचार गर्न सक्षम् हुनसक्छौं। उहाँको पछि लाग्न आह्वान गरिएको महत्त्वपूर्ण अभियानले सामाजिक आवश्यकताबाट आफू अलगिनुभएन। हामीले पनि प्रचारबाजीमात्र गरेर मानिसहरूको मन जित्न खोज्नुहुन्न तर समाजमा भिजेर मानिसहरूको आवश्यकतालाई ध्यान दिन खोज्नुपर्छ र तिनीहरूको परिपूर्तीको निम्ति प्रयास गर्नुपर्छ। येशूले अपनाउनुभएको उपरोक्त कदमहरूलाई हामीहरूले पनि समेत्न सक्यौं भने हामी पनि सुसमाचार सुनाउने काममा सफलता हासिल गर्न सक्छौं। यस अध्यायमा हामीहरूले येशूका ती पाँच कदमहरूमध्ये प्रथम् कदमलाई औंल्याउनेछौं। बाँकि चार कदमहरू ७-११ अध्यायमा हामी हेर्नेछौं।

येशू कुनै कुटीमा, बिहारमा, गुफामा वा राजकिय सम्मान पाउन कुनै भव्य भवन वा दरवारमा बस्न आउनुभएको होइन तर मानिसहरूकै बीचमा घुलमिल गर्न आउनुभएको थियो भनेर देहायका पदहरूले कसरी पुष्टि गर्दछन्? हेर्नुहोस्: मत्ती १:२२,२३ "२२ अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्: २३ हेर, एउटा कन्याले गर्भधारण गर्नेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ हो, परमेश्वर हामीहरूसँग। र यूहन्ना १:१४ "अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको

महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।"

पापले गर्दा हामी सबै क्षतबिक्षत भएका छौं र गहिरो चोटमा परेकाछौं। तर पापले गर्दा ल्याएको सबै विध्वंसलाई कसरी सम्हाल्ने भनेर येशूले यस संसारमा आफ्नो कामद्वारा देखाउनुभएको छ। येशू एक मानिस भएर अरूको सेवा गर्न आउनुभएको थियो। उहाँकै सेवाकार्यले गर्दा हामी परमेश्वरसँग मिल्न अवसर पाएका छौं। मानव जाति र परमेश्वरको बीचमा टुटेको सम्बन्ध येशूले टाल्नुभएको थियो। मानिसहरूसँग घुलमिल गरेर उहाँले मानव जात शारीरिक, मानसिक र आत्मिक रूपमा पूर्ण स्वस्थ रहुन् भन्ने चाहना तिनीहरूको सामु आफ्नो जीवन अर्पण गरेर उहाँले देखाउनुभएको थियो। जब येशू यस संसारमा रहनुभयो तब समाजबाट पिछडिएका, बाहिरिएका, अत्यन्त तल्लो स्तरमा गनिएका, पानी नचल्ने अछुत भनेर तिरस्कार गरिएका, हेपिएकाहरूलाई उहाँले सेवा गर्नुभएको थियो। (महिलाहरू पनि परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभएको हो भन्ने बिभिन्न सेवाकार्यद्वारा प्रत्याभूति दिएर उहाँले लैंगिक असमनानता हटाउनुभएको थियो-अनुवादकको निचोड)।

**अत्यन्त संवेदनशील र अचम्मको सत्य आत्मज्ञानलाई गहिरो तरिकाले सोच्नुहोस्ः सारा सृष्टिका सृष्टिकर्ता र मालिक आफै सृष्टि हुनुभएर मानव शरीरमा जन्मिनु भयो (यूहन्ना १ः३)। मानव अवतार लिएर उहाँ आउनुहुँदा संसार खराब छ भन्दै त्यसबाट अलगिएर धर्मको लुगा लगाउँदै आफूलाई थुनाउनुभएन बरू पतित मानिसहरूको सेवा गर्न उहाँले आफूलाई मानिसहरूको बीचमा भिजाउनुभयो। आशाले भरिएको त्यस अचम्मको आत्मिक सत्यलाई हामीले आत्मसात् गरेर मानिसहरूसँग भिज्दै तिनीहरूको सेवा गर्नुपर्छ भन्ने भावनालाई हामीहरूको मनमा कसरी जगाउने?**

## २. हराएको थियो तर भेट्टियो (लूका १५ः३-७)

येशूले लूका १५ अध्यायमा तिनवटा अर्तीकथाहरू भन्नुभएको पाइन्छ। धर्मका गुरू फरिसीहरू र धर्मशास्त्रका पण्डितहरूले प्रत्येक व्यक्ति परमेश्वरको सामु मूल्यवान छ भनेर बुझ्नुन् भनेर सिकाउने उद्देष्यले ती अर्तीकथाहरू येशूले रच्नुभएको थियो। धर्मको गुरू भएर पनि येशू त "पापीहरूलाई खुलारूपमा स्वागत वा ग्रहण गर्नुहुन्छ र तिनीहरूसँग घुलमिल भएर खानुहुन्छ" (लूका

१५:२) भनेर धर्मका पोशाक लगाएका धर्मशास्त्री र फरिसी धर्मगुरूहरूले आरोप लगाएका थिए। पापीहरूप्रति परमेश्वरको गहिरो प्रेम छ भनेर ती धर्मगुरूहरूले बुझ्न असमर्थ भएका थिए।

देहायका अर्तीकथाहरू ध्यानपूर्वक पढ्नुहोस् र तिनीहरूमा कोरिएका सत्यका मूल मर्महरू बुझ्न खोज्नुहोस्। लूका १५:३-७ "३ तब उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयोः ४ तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? ५ हराएको भेड़ा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, ६ र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु। ७ म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ।", लूका १५:८-१० "८ कुन स्त्री होली जसको दश चाँदीका सिक्कामध्ये एउटा हरायो भने बत्ती बालेर उसले त्यो नपाउञ्जेल घर बढ़ारिकन मेहनतसँग खोज्दिन? ९ हराएको सिक्का पाएपछि उनले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छे, "मसँग रमाओ, किनभने मैले मेरो हराएको सिक्का पाएकी छु।" १० म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरूका सामुन्ने आनन्द हुन्छ। र लूका १५:११-३२ "११ उहाँले भन्नुभयो, कुनै मानिसका दुई छोरा थिए। १२ कान्छाचाहिँले बाबुलाई भन्यो, पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस्। तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई बाँड़िदिए। १३ धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति उड़ायो। १४ त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो। त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पर्‍यो, र त्यसलाई अभाव हुन थाल्यो। १५ त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले काम माग्यो। उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो। १६ सुँगुरले खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैनथियो। १७ जब त्यसको चेत खुल्यो, त्यसले भन्यो, मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु। १८ म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको

दृष्टिमा पाप गरेको छु। १९ अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्। २० तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। तर त्यो धेरै टाढ़ा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे। २१ छोराले तिनलाई भन्यो, बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। म फेरि तपाईंको छोरो भनिने योग्यको छैनँ। २२ तर बाबुचाहिँले आफ्ना कमाराहरूलाई भने, झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ। यसको हातमा औँठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३ र पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔं। २४ किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ। तब तिनीहरू आनन्द मनाउन लागे। २५ त्यस बेला तिनको जेठो छोरो खेतमा थियो, र त्यो घरको नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो। २६ त्यसले चाकरहरूमध्ये एउटालाई आफूकहाँ बोलाएर यो के भइरहेछ भनेर सोध्यो। २७ उसले त्यसलाई भन्यो, तपाईंका भाइ आइपुगे, र तपाईंका पिताले पालिराखेको मोटो पशु मार्नुभयो। किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो। २८ तर त्यो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे। २९ तर त्यसले बाबुलाई भन्यो, हेर्नुहोस्, यतिका वर्ष मैले तपाईंको सेवा गरिरहेछु, अनि तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द मनाउन तपाईंले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन। ३० तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो आउँदाचाहिँ तपाईंले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो। ३१ तब तिनले त्यसलाई भने, छोरा, तिमी त मसँग सधैंभरि छँदैछौ, अनि मेरो सबै सम्पत्ति तिम्रै हो। ३२ तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तिम्रो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ।

प्रत्येक अर्तीकथा केही हराएको भनेर सुरू हुन्छ भने, फेरि भेट्टिन्दा खुशियाली मनाएको बाट अन्त हुन्छ। प्रत्येक कथाले हामीप्रति परमेश्वरको प्रेम कतिको रहेछ र हामीहरूले मुक्ति पाउन् भन्ने परमेश्वरको चासो कतिको गहिरो छ भनेर देखाउँछ। येशूका ती लोकप्रिय कथाहरू यथार्थमा हामीहरूप्रति परमेश्वरको ममता तथा स्नेह देखाउने उत्कृष्ट उहाहरणहरू हुन्।

एक जना पास्टर भ्वाइस अभ प्रोफेसी रेडियो कार्यक्रम सुन्ने एक परिवारको सम्पर्कमा आए। परिवारका सबै सदस्यहरूले बाइबल अध्ययन गर्न इच्छुक भएको उनले भेट्टाए तर एक जना सदस्यले चाहिँ त्यस मामिलामा चासो देखाएको थिएन। बुबा, आमा र कान्छी छोरीले येशूलाई आफ्ना मुक्तिदाता भनेर स्वीकार गरेका थिए र ती पास्टर आफ्ना घरमा नियमित रूपमा आओस् भनेर त्यस परिवारले चाहना गरेको थियो। तर जेठो छोरो इसाई धर्मप्रति बितृष्णा भएको कारण आफ्नो घरमा येशूप्रतिको आस्था घुसेकोले त्यसको घोर बिरोध गऱ्यो। येशूप्रतिको आस्थामा आफ्नो केही सरोकार नभएको उसले वतायो।

प्रत्येक बेलुका जब पास्टर त्यस घरमा बाइबल सिकाउन गए तब त्यस युवक रिसले आफ्नो ढोका थुनेर कोठामा बस्दथ्यो। छ हप्ता बाइबल सिकाएपछि त्यस पास्टरले परिवारका ती तिन सदस्यहरूलाई बप्तिस्मा लिने मनस्थिति बनाउन अनुरोध गरे। तर बप्तस्मा लिने निर्णयमा आउन केही महिना पर्खनको निम्ति समय त्यस परिवारले माग्यो।

एक दिन अचानक त्यस युवक परिवार बाइबल अध्ययन गरिरहेको कोठामा आयो र अपेक्षा नगरेको अनुरोध उसले गऱ्यो। "पास्टर बाबु, यदि म तयार छु भनेर तपाईंले भन्नुहुन्छ भने म पनि बप्तिस्मा लिन्छु!" भनेर सबैलाई उसले चकित बनायो। कुरो के भएको थियो भने त्यस युवक आफ्नो कोठा थुनेर रिसले जुर्मुऱ्यार बसेको थिएन बरू पहिलो बाइबल अध्ययनको दिनपछि उसले पसलबाट एउटा पुरानो बाइबल किनेर गोप्यरूपमा पढिरहेको थियो। बाहिर कोठामा बाइबल सिकाइरहन्दा उसले आफू पनि त्यो सुन्दै बाइबल पढिरहेको र अब सबैको अगाडि आफू पनि येशूलाई विश्वास गर्न पुगेको भनेर घोषणा गर्नु आवश्यक भएको आफूले ठानेको बतायो।

दुई हप्ता पछि त्यस युवकले बप्तिस्मा लियो र एक महिनापछि परिवारका सबै सदस्यहरूले बप्तिस्मा लिए। हामीले भर्खरै पढेको येशूको अर्तीकथालाई मनमा राख्यौं भने त्यस परिवारमा कस्तो खुशियाली भयो होला सो हामीले कल्पना गर्न सक्छौं।

तत्कालिन यहूदी समाजलाई पन्छाउँदै येशूले आफूलाई ती मानिसहरूको सामु प्रस्तुत गर्नुभयो जो त्यस समाजले हेपेका थिए, तिरस्कार गरिएका थिए, कुजात भनेर पानी नचल्ने बनाएका थिए र पापी भनेर अलग्याइका थिए। तिनीहरूमा बिदेशमा रहेकी यहूदीहरूबाट पानी नचल्ने जाति

भनेर अलग्याएको सामरी जातकी स्त्री जसले येशूले इनारमा जम्का भेट्नुभएको थियो र उनीसँग पानी माग्नुभएको थियो, अछुत वा म्लेच्छ जात भनेर तिरस्कार गरएको गोरा छाला भएका रोमी सिपाहीँको अनरोधले येशूले सहस्र स्वीकार गर्नुभएको थियो। पापी महिला भनेर हेपिएकी महिलाले आफ्नो एक वर्षको कमाइको पैसाले अत्तर किनेर येशूको पाइला धुन्धा उनीप्रति येशूले ममता देखाउनुभएको थियो। धर्मको नाउँमा आफूहरू पवित्र र चोखो भएर दावी गर्ने समाजका मानिसहरूले अयोग्य ठानेका र फोहर ठानेका मानिसहरूलाई येशूले सहस्र स्वीकार गर्नुभएको कथाहरू नयाँ करारमा ती जस्तै धेरै छन्।

**तपाईंको चर्चमा आउन योग्य नभएको मानिस भनेर त्यसलाई सुसमाचार सुनाउन के तपाईंले कहिले पन्छाउनुभएको छ? तपाईंको सामु "पापीहरू" ठहर्ने मानिसहरूलाई येशूको प्रेमको कथा सुनाउन तपाईं र तपाईंको चर्चले प्रसस्त अनुग्रह पाउन् भनेर किन प्रार्थना नगर्ने?**

## ३. पापीहरूसँग खान बस्नु (मत्ती ९:१०-१३)

येशूका आलोचक अर्थात् उहाँको दोष भेट्टाउन खोजिरहने धर्मका पण्डितहरूलाई येशूले कस्तो किसिमको जवाफ दिनुभएको थियो भनेर मत्ती ९:१०-११मा यसरी लेखिएको छः "१० येशू चेलाहरूसँगै मत्तीको घरमा पाहुना भएर खान बस्नुभयो। उहाँका पछि लाग्नेहरू धेरै जना कर उठाउने र अरू पापीहरू पनि उहाँहरूसँगै खान बसे। ११ यो देखेर फरिसी भन्ने कट्टर धार्मिक समूहका मानिसहरूले उहाँका चेलाहरूलाई भने, "यो के हो? तिमीहरूका गुरु त कर उठाउने र अरू पापीहरूसँगै बसेर खाँदा रहेछन्!" १२ तिनीहरूले गरेको कुरा सुनेर येशूले यसरी जवाफ दिनुभयो, "वैद्य त निरोगीहरूलाई होइन, तर बिरामीहरूलाई पो चाहिन्छ। १३ तिमीहरू धर्मशास्त्रमा लेखिएको यो कुराको अर्थ बुझ्न खोज" "पशुबलि होइन, तिमीहरूले दया गरेको पो म चाहन्छु।" म त धर्मीलाई होइन, तर पापीहरूलाई पो बचाउन भनी आएको हुँ।" यसै सन्दर्भमा होशे ६:४-६मा यसरी लेखिएको छः "४ तर परमप्रभु भन्नुहुन्छ, "हे इस्राएल र यहूदा, म तिमीहरूलाई के गरूँ? मप्रति तिमीहरूको प्रेम बिहानको कुइरोझैं छिट्टै हराउँछ। त्यो त बिहानै बिलाउने शीतजस्तो छ। ५ त्यही कारण मैले आफ्नो न्याय र विनाशको खबर दिन तिमीहरूकहाँ मेरा अगमवक्ताहरू पठाएको छु। म तिमीहरूबाट जे चाहन्छु, त्यो

सरल र सफा छ। ६ म तिमीहरूका पशु बलिहरू होइन तर निरन्तर प्रेम चाहन्छु। मेरा प्रजाले मलाई होमबलिहरू चढाएको भन्दा बरु तिनीहरूले मलाई चिनेको म चाहन्छु।"

**आफू धर्मात्मा वा चोखो छु तर आफ्नो मापदण्डमा नहिँड्ने अरूचाहीँ “पापी" भनेर दावी गर्ने यहूदी धर्मका मतियारहरूले येशू ती मानिसहरूसँग ढल्केर रमाइलो मान्दै येशूले भोज खाइरहनुभएको थियो।**

तपाईंको समाज वा संस्कारले कस्ता खालका मानिसहरूलाई “पापी" वा “अशुद्ध" वा "अछुत" वर्गीकरण गरिएको छ?

पापी वा विधर्मीहरूसँग घुलमिल गरेर रमाइलो मान्दै भोज खानु येशूको निम्ति उचित छैन भनेर फरिसी पण्डितहरूले उहाँको घोर बिरोध गरेका थिए। तर धर्मको नाउँमा त्याग गर्ने ती पण्डितहरूलाई कृपा, करुणा वा दया भनेको के हो सो जान भनेर येशूले चुनौति दिनुभएको थियो। येशूले अगमवक्ता होशेको पुस्तकमा परमेश्वरले व्यक्त गर्नुभएको वचनलाई उदृध गर्दै भन्नुभयो, "तिमीहरूले यसको अर्थ के हो सो जान, “म दया चाहन्छु तिमीहरूको त्याग वा धार्मिक विधिविधानहरू होइन" (होशे ६:६ रूपान्तरित)। आफू धर्मात्मा छु, चोखो छु, परमेश्वरको सामु असलै छु, वा मेरो मन चोखो छ त्यसकारण म येशूको पछि लाग्न आवश्यक छैन भनेर दावी गर्नेहरूलाई लैजान म आएको होइन। तर म त पापी वा अधर्मीहरूलाई मेरो पछि लगाउन म आएको हुँ।"(मत्ती ९:१३ रूपान्तरित)। पुरानो करारमा पोख्त भएका ती यहूदी धर्मगुरूहरूलाई तिनीहरूकै आस्थाको मूल वा महत्त्वपूर्ण सत्य के हो भनेर येशूले सिकाउनु पर्ने कुरो अत्यन्त कहाली लाग्दोछ। (येशूको निम्ति धर्म भन्दा मानिसको तह उच्च थियो)।

पुरानो करारको समयमा पनि परमेश्वरका जन भनेर चिनिने यहूदीहरूमा त्यही समस्या थियो। धर्मकर्म संस्कार वा विधिहरू मानिसहरूसँग उचित व्यवहार गर्नुभन्दा उच्च हुनुपर्छ भनेर ती यहूदी धार्मिक मानिसहरूले ठानेका थिए। येशूले तिनीहरूले सिकेका होशेमा लेखिएको परमेश्वरको मर्मलाई औँल्याउनुभएको थियो।

“मत्तीसँग खान बस्नुहुँदा ख्रीष्टले ती फरिसी पण्डितहरूको आरोपलाई जसरी प्रत्यारोप गर्नुभयो, त्यो आत्मसात् गर्नु जरुरी छ किनभने इसाई हुँ भनेर दावी गर्ने हजारौँले ती पण्डितहरूकै जस्तै मनस्थितिमा लागेर भूल गरिरहेका छन्। परमप्रभु परमेश्वरको सत्यको ज्योतिलाई आत्मसात् गर्नुको सट्टा आफूले

मन पर्ने धारणा वा चाहना वा आफूभित्र रहेका बिचारका मूर्तीहरूलाई मानिसहरूले पकडि राख्न रूचाउँछन्। तिनीहरू आफैले आफैमाथि विश्वास गरेर हिँड्छन् र आफ्नो बुद्धि नै ठिक छ भनेर दावी गर्दै चल्छन्। तर तिनीहरू आत्मिक रूपमा कतिको कङ्गाल रहेछभन् भन्ने कुरामा महसुस गर्न असमर्थ हुन्छन्।...आफू धर्मी छु भनेर देखाउने खालका उपवास र प्रार्थना परमेश्वरको निम्त वाक्क छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २८०बाट रूपान्तरित।

हामीहरू आफैले निर्धारण गरेको आदर्शसम्मत कोही हिँडेन भने अरूहरू ठिक छैन भन्ने मनस्थितिले हामीहरूलाई पिरोलीरहनु सजिलै भएको पाइन्छ। हामीहरू नम्र र नरम हुनुपर्छ ताकि अरूलाई उठाउन र अरूको भाऊलाई उचाल्न हामी पन्छिन सकौं जुन् कि पवित्र आत्माको प्रतापले मात्र त्यस तहमा पुग्न सक्छौं। येशू ख्रीष्ट हामीहरूको मुक्तिदाता हुनुहुन्छ भन्ने विश्वासलाई अडिग राख्दै हामी पनि उहाँले देखाउनुभएको करुणा र दयामा पौडि खेल्न सकौं भनेर चाहना गरौं।

हामी पापी छौं भन्ने ज्ञानलाई नलुकाइ भजन ५१:१७ पढौं ताकि यसको मर्मलाई हामीले बुझ्न सकौंः "चुर्ण आत्मा नै मेरो बलिदान हो, हे परमेश्वर। नम्र र पश्चात्तापी हृदयलाई तपाईं इन्कार गर्नुहुन्न।"

## ४. बुद्धि पुऱ्याएर वा होशियारी अपनाएर मानिसहरूसँग घुलमिल गर्नु (उत्पत्ति १३:५-१३)

एक जना वक्ताले आफ्नो श्रोताहरूलाई एक दिन यो सोधे, "तपाईंहरू मध्ये कतिजनाको गैर-एडभेन्टिस्ट इष्टमित्रहरू छन्?" एक जना मानिसले पछाडि उभेर जवाफ दिए, "म गौरब गरेर भन्दछु कि मेरो कोही पनि अविश्वासी मित्रहरू छैन।" हुनसक्छ त्यस मानिसले असलै नियतले त्यो जवाफ दिएको होला, तर संसारको निम्ति आफू कस्तो ज्योति बन्न पुगिरहेको थियो भनेर उनैको जवाफले व्याख्या गर्दछ।

हामीहरू संसारका ज्योति हौं भनेर मत्ती ५:१३मा हामीले हेऱ्यौं। तर नुनको स्वाद जान पनि सक्छ। इस्राएल देशको छिमेकी सिडोन भन्ने क्षेत्रको एक जना साहुले आफ्नो घरको भण्डारको भुइँ खनेर धेरै नुन जम्मा गरेको थियो। तर त्यो नुन जमिनको माटोमा सिधै जम्मा गरिएको हुँदा त्यसको स्वाद बिलाएर गएको थियो। त्यसकारण त्यस नुनलाई निकालेर बाटो बनाउन प्रयोग

गरियो। त्यही रुपले जब हामी मानिसहरूसँग घुलमिल गर्दछौं हामी पनि होशियारी हुनुपर्छ। के हामीमाभएको बिशेष दक्षता वा स्वाद यस संसारले खोसिरहेको छ? के हामीहरूको जीवनको लक्ष्य, मूल्यमान्यता संसारको जस्तै छ (जसले भन्छ आज जिउँछ भोली मर्छौं त्यसकारण यस संसारमा जतिसक्यो त्यति रमाइलो गरौं आदि)?

येशूले संसारमा जाऊ भनेर निर्देशन दिनुभएतापनि कस्तो खालको संसार वा सांसारिक वातावरणमा हामी भुल्नुहुन्न भनेर देहायका कथाहरूले कसरी सिकाउँछ? हेर्नुहोस्ः उत्पत्ति १३ः५-१३ " ५ अब्रामको साथमा लागेका लोतका पनि भेड़ाबाख्रा र गाईबस्तुहरूका बथान र पालहरू थिए। ६ त्यस जमिनले तिनीहरू दुवैलाई सँगै रहेको अवस्थामा धान्न सकेन, किनकि तिनीहरूका भेड़ाबाख्रा र गाईबस्तुको सम्पत्ति यति ठूलो थियो कि तिनीहरू साथसाथै रहन नसक्ने भए। ७ अब्राम र लोतका गाईबस्तुका गोठालाहरूका बीचमा झगड़ा पनि भयो। त्यस बेला त्यस देशमा कनानी र परिज्जीहरू पनि बस्थे। ८ यसैकारण अब्रामले लोतलाई भने, तिम्रो र मेरो बीचमा र तिम्रा र मेरा गोठालाहरूका बीचमा झगड़ा नहोस्, किनकि हामी त नातेदार हौं। ९ सारा देश तिम्रै अगि छ। तिमी मबाट अलग होऊ। तिमी देब्रेतिर गयौ भने म दाहिनेतिर जानेछु, अथवा तिमी दाहिनेतिर गयौ भने म देब्रेतिर जानेछु। १० लोतले आफ्ना आँखा उठाएर हेरे, र यर्दनको बेंसीचाहिँ परमप्रभुको बगैंचाजस्तै, अथवा सोअरतिरको मिश्रदेशजस्तै चारैतिर प्रशस्त पानीले भिजेको थियो। (परमप्रभुले सदोम र गमोरा सर्वनाश गर्न अघिको कुरो यो हो।) ११ यसैकारण लोतले यर्दनको जम्मै बेंसी रोजेर पूर्वतिर लागे। यसरी यिनीहरू छुट्टिए। १२ अब्रामचाहिँ कनान देशमा नै बस्न लागे। लोतचाहिँ बेंसीका सहरहरूमा वास गरे। तिनले आफ्नो पाल सदोमसम्म सारे। १३ सदोमका मानिसहरू दुष्ट थिए, र परमप्रभुको विरुद्धमा साह्रै पाप गर्थे।", उत्पत्ति १९ः१२-२६ " १२ ती दुई मानिसहरूले लोतलाई भने, तिमीसँग यहाँ अरू कोही छन्? जुवाइँ, कि छोराछोरीहरू, अथवा सहरमा तिम्रा अरू जो भए पनि तिनीहरूलाई लिएर यस ठाउँबाट निस्केर जाऊ, १३ किनभने हामी यस ठाउँलाई नष्ट पार्नेछौं, किनकि यहाँका मानिसहरूका विरुद्धमा उठेको आवाज परमप्रभुको अगि यति ठूलो भएको छ कि यस सहरलाई सर्वनाश गर्न परमप्रभुले हामीलाई पठाउनुभएको छ। १४ यसैकारण आफ्ना छोरीहरूलाई विवाह गर्न माग्ने जुवाइँहरूकहाँ गएर लोतले भने,उठ, यस ठाउँबाट गइहाल,

किनभने परमप्रभुले यो सहर नष्ट पार्नुहुनेछ। तर जुवाइँहरूलाई त तिनले ठट्टा गरेजस्तो लाग्यो। १५ उज्यालो हुन लाग्दा ती दूतहरूले लोतलाई यसो भनेर आतुरी लाए, उठ, तिम्री पत्नी र यहाँ भएका तिम्रा दुई छोरीहरूलाई लिएर गइहाल, नत्रता यस सहरले पाउने सजायँमा तिमी पनि भस्म हुनेछौ। १६ जब तिनले आलटाल गरिरहे, तब ती मानिसहरूले तिनका, तिनकी पत्नीका र दुवै छोरीहरूका हात समातेर सहरबाहिर ल्याए। किनभने परमप्रभुको दया तिनीहरूमाथि थियो। १७ तिनीहरूलाई बाहिर ल्याएपछि उनीहरूमा एक जनाले भने, आफ्नो ज्यान जोगाउनलाई भाग, फर्केर पछाड़ि नहेर, र बेंसीमा कतै पनि नअड़िनू, तर पहाड़तिर भाग, नत्रता तिमीहरू भस्म हुनेछौ।१८ तब लोतले उनीहरूलाई भने, हजूर हो, त्यसो नहोस्। १९ हेर्नुहोस्, तपाईंहरूको दासले तपाईंहरूको अनुग्रह पाएको छ, र मेरो प्राण बचाएर तपाईंहरूले मलाई ठूलो करुणा देखाउनुभएको छ। म पहाड़तिर भाग्न सक्दिनँ, नत्रता यस विपत्तिमा परेर म मर्नेछु। २० हेर्नुहोस्, ऊ त्यो सहर भाग्नलाई नजिकै छ, र त्यो सानो पनि छ। मलाई त्यहीं नै भाग्न दिनुहोस् त्यो साह्रै सानो छैन र? त्यहाँ गए मेरो प्राण बाँच्ला।२१ उनले तिनलाई भने, हेर, यस विषयमा मैले तिम्रो बिन्ती ग्रहण गरें। तिमीले भनेको सहरलाई चाहिं म भस्म गर्नेछैनँ। २२ चाँड़ो गरेर त्यहीं नै भाग, किनकि तिमी त्यहाँ नपुगुञ्जेल म केही गर्न सक्दिनँ। (यसैले त्यस सहरको नाउँ सोअर राखियो।) २३ लोत सोअरमा पुग्दा सूर्य उदाइसकेको थियो। २४ तब परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो। २५ यसरी उहाँले ती सहरहरू र जम्मै बेंसी र सहरहरूका सबै बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोक सर्वनाश गरिदिनुभयो। २६ तर लोतकी पत्नीले पछाड़ि फर्केर हेरिन्, र तिनी नूनको थाम भइहालिन्।" र गन्ती २५:१-३ " १ इस्राएलीहरू शित्तीममा हुँदा मानिसहरूले मोआबका छोरीहरूसँग व्यभिचार गर्न लागे। २ तिनीहरूले यी मानिसहरूलाई तिनका देवताहरूका बलिदानमा निम्तो दिए, र यी मानिसहरूले खाएर तिनका देवताहरूलाई दण्डवत् गरे। ३ यसरी इस्राएलीहरू पोरको बाल देवतालाई पुज्न लागे। अनि इस्राएलीहरूसित परमप्रभु रिसाउनुभयो।"

माथिका पदहरूलाई पुष्टि पार्ने १ यूहन्ना २:१५-१७ पनि पढ्नुहोस् " १५ संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। १६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा,

जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। १७ संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।"

संसारको मूल्यमा मात्रै भिजिएर बस्न चाहने मानिसहरूसँग घुलमिल गर्दा कस्तो होशियारी अपनाउनुपर्छ भनेर माथिका उदाहरणहरूले ज्वलन्तरूपमा प्रस्तुत गर्दछन्। सांसारिक मूल्य वा अर्थमा मात्र लक्षित गर्ने मानिसहरूको मनस्थिति कस्तो हुन्छ भनेर यूहन्नाले आफ्नो पत्र १ यूहन्ना २:१६मा स्पष्ट रूपमा कोरेका छन्। यदि हामी होशियार हुनुपर्दैन भनेर संसारले निर्धारण गरेका लोभ र मोहहरूमा फसिरह्यौं हामीले आफूले आफैलाई मूर्ख बनाइरहेका हुन्छौं। हामी चर्चमा गयौं भन्दैमा वा येशूलाई विश्वास गऱ्यौं त्यसकारण हामी स्वःत सुरक्षित छौं भनेर पतित संसारको नितिमा समातिन पुग्दा केही खतरा हुँदैन भनेर हामीले कहिलै पनि सोच्नुहुँदैन। फेरि त्यसैबखत संसारको नकारात्मक पक्षहरूले हामीहरूलाई प्रभाव नपारोस् भनेर हामीहरूको आत्मज्ञानलाई लुकाउँदै हामी अलगिएर बस्यौं भने यस संसारमा हामी येशूका अनुयायीहरू हौं भन्ने औचित्य कहाँ जान्छ त?

यो बुद्धिमानी र संतुलित सल्लाहलाई हामीहरूको हृदयमा भित्राऔं "के येशूमा गम्भिररूपमा विश्वास गर्नेहरूले अधर्मी वा आत्मपरिवर्तनहरूसँग घुलमिल गर्न र सम्पर्कमा रहनबाट अस्वीकार गर्ने त? कदापी होइन, येशूभक्तहरू तिनीहरूको माझमा हुनुपर्छ। तर तिनीहरूको अधर्मी वा परमेश्वरप्रतिको आस्थामा आँच आउने कुनै पनि जीवनशैलीमा येशूभक्तले भाग लिनुहुँदैन। आत्मपरिवर्तन नगरि उचित जीवन यापन गर्न नचाहने मानिसहरूको प्रभावमा येशूभक्त पर्नुहुन्न। गलत आदत, गलत जीवनशैली वा हानी गर्ने आनिबानी र तिनीहरूले ठिक ठानेका व्यवहारिक नितिहरू जुन् परमेश्वरमा आस्था नराख्नेहरूले अपनाउँछन्, येशूभक्तहरूले आफ्नो हृदयमा तिनीहरूलाई घुसाउन मिल्दैन। ती निति अपनाउने मानिसहरूसँग येशूभक्तहरू घुलमिल हुँदा तिनीहरूलाई येशूतिर लक्ष्यमा आफूहरूलाई समावेश गर्नुपर्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक ३, पृष्ट २३१बाट रूपान्तरित।

**एडभेन्टिस्ट मतमा नहुने तपाईंको साथीहरू कति जनाछन्? अर्थात् येशूलाई विश्वास नगर्ने तपाईंका कति जना साथीहरू छन्? तिनीहरूसँग तपाईंको सम्बन्ध कस्तो छ? कसले कसलाई धेरै प्रभाव पारिरहेको छ? के तिनीहरूले तपाईंले प्रभाव पारिरहेको छ कि तपाईंले तिनीहरूलाई प्रभाव पारिरहनुभएको छ?**

## ५. बेइमान र भ्रष्ट मानिसहरूको बीचमा (फिलिप्पीहरूलाई २:१३-१५)

येशू ख्रीष्टले हामीलाई के दिनुभयो सो को खाँचो यस संसारलाई पनि छ भन्ने कुरामा कसैले पनि कहिलै द्विविदामा पर्नुहुन्न। हामीले येशूबाट पाएको शिक्षा यस संसारका मानिसहरूलाई सिकाऊ भनेर उहाँले नै हामीलाई निर्देशन दिनुभएको छ (मत्ती २८:१८-२०)। तर यो कुरा पनि ख्याल गर्नुपर्छ कि हामीहरूमा त्यस किसिमको स्वभाव स्वःत छैन जसले गर्दा हामीले जे सिकाउँछौं त्यो महत्त्वपूर्णको हुन आउँछ। तर हामीले अरूलाई सिकाउने शिक्षाको निर्देशन तथा निर्देशिका येशूबाट हामीले प्राप्त गरेका हौं। येशूले हामीलाई धेरै थोक दिनुभयो त्यसैकारण उहाँबाट हामीलाई उपलब्ध भएका ती थोकहरू अरू नभएकाहरूलाई पनि बाँड्नु जरुरी छ। उहाँले मत्ती १०:८मा भन्नुभयो, "तिमीहरूले सित्तैंमा पायौ, त्यसकारण सितैंमा देऊ।" (रूपान्तरित)।

हामी आफै पनि संसारको फोहरी तालमा नफसी संसारका मानिसहरूको बीचमा घुलमिल हुने कर्तव्यबाट कसरी अलग नगरि बस्ने? पावलले फिलिप्पी २:१३-१५मा कस्तो निति अपनाउन आह्वान गर्दछन्? हेर्नुहोस्: "१२ यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढ़ी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। १३ किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ। १४ गनगन अथवा वाद-विवाद नगरी सबै काम गर्दैजाओ, १५ कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैं चम्कन्छौ।"

हामी पवित्र जाति संसारका तर मानिसहरू वा येशूलाई विश्वास नगर्नेहरू अपवित्र र पापी, त्यसकारण तिनीहरूसँग हामीले केही पनि कारोबार गर्नुहुन्न वा घुलमिल हुनुहुन्न भन्ने सुरक्षित मनस्थितिले गर्दा तिनीहरूबाट अलगै बस्ने प्रवृत्तिबाट कसरी जोगिने? धर्मको लुगा लगाएर हामी आफ्नै गुफामा बसेर आत्मिक साधुहरू हुन हामीलाई सजिलो हुनसक्छ। यस्तो खालको प्रवृत्तिले हामीलाई आफै केन्द्रित धार्मिक मानिस बनाउन सक्छ। कतिपय समयमा चर्चमा बिभिन्न नितिनियम तर पूजा आराधना गर्ने तरिकाहरूमा

छलफल गरि समय बिताउँछौं तर मरिरहेको संसारतिर ध्यान दिन समय नै नपाइरहेका हुन्छौं।

इम्पावरिङ्ग द पुअर अर्थात् गरिबहरूलाई शक्तिसम्पन्न गराउनु भन्ने पुस्तकका लेखेक रोबर्ट लिन्थियमले संसारमा तिन किसिमका चर्चहरू छन् भनेर लेखेका छन्। प्रथम चर्च त्यो शहरमा अवस्थित हुन्छ जसले आफू रहेको कुनै पनि समूदाय वा समाजका मानिसहरूसँग सम्पर्क राख्दैन। त्यस चर्च आफ्नै चर्चका सदस्यहरूको सरोकारमा केन्द्रित भइरहेको हुन्छ। अर्को चर्च छ जो कि आफू रहेको समाज वा समूदायको हितमा रहेको हुन्छ। समाजमा सेवा गर्न क्रियाशिल हुनुपर्छ भनेर त्यस चर्चले आफ्ना सदस्यहरूलाई सिकाउँदछ। तर त्यस चर्चले समाजका मानिसहरूसँग सरसल्लाह नै नगरि आफैले अनुमान गरेर तिनीहरूको आवश्यकता ठान्दै कार्यक्रमहरू संचालन गर्दछ। तर तिनीहरूले गर्ने कार्यक्रमहरूमा त्यस समाजको आवश्यकतासँग सरोकार नभएको हुनसक्छ। अन्तमा अर्को चर्चको बारेमा लेखकले उल्लेख गर्दछन् त्यो चर्च हो शहर वा समाजसँग रहेको चर्च। त्यस चर्चले आफू रहेको समाजको जनसंख्या र अरू तत्वहरूको सूचना संकलन गर्दछन् वा अध्ययन गर्दछन् र कुन् समाजमा छौं जसलाई सेवा पुऱ्याउनुपर्छ भनेर त्यसको ख्याल राख्दछ। समाजका अगुवाहरू र समाजका मानिसहरूसँग सोधपूछ गरेर तिनीहरूको यथार्थ आवश्यकताको बारेमा जानकारि त्यस चर्चले लिन्छ। यस खालको चर्च बढि अर्थपूर्ण हुनसक्छ किनभने त्यस चर्चलाई समाजले स्वीकार गरिसकेको हुन्छ र समाजलाई पनि थाहा हुन्छ कि चर्चले तिनीहरूको आवश्यकताको बारेमा बुझिसकेको छ। समाजले कस्तो खालको समाज स्थापना गर्न चाहन्छ भनेर गरिने संघर्षमा त्यस चर्च पनि सँगसँगै समाबेश भएको हुन्छ र दुवै मिलेर त्यस लक्ष्यमा पुग्न हातेमालो गरेको हुन्छ। यस्तो खालको चर्च समाजमा रहेका विभिन्न सामाजिक सेवामा संलघ्न भएको हुन्छ र तिनीहरूलाई चाहिने सरसल्लाह तथा सेवा पनि उपलब्ध गराएको हुन्छ। समूदायमा भिज्ने त्यस खालको चर्च र समाज एक आपस सहयात्री भएर आफूहरूको यथार्थ आवश्यकतालाई परिपूर्ती गर्न सहाकार्य गरेको हुन्छ।

**उपसंहारः**

थप जानकारीः यस अध्यायको बिषयवस्तुको बारेमा थप जानकारी लिन एलेन जी ह्वाइटको देहायका पुस्तकहरूको अंश पढ्नु होलाः "आवर इक्जाम्पल" *मिनिस्त्री अभ हिलिङ्ग*को पृ.१७-२८ र द डिजाएर अभ एजेज, पृ. २७२-२८०को "लिभाइ-माथ्यु।"

चर्चको लक्ष्य भनेको चर्चभित्रका मानिसहरूको मात्र स्याहारसंभार गर्ने होइन तर संसारलाई पनि स्याहार्नु हो। अरूहरूको सेवा गर्न नै यो संगठित गरिएको हो। एउटा चर्चमा जाने बाटोको सुरूमा एउटा साइनबोर्ड राखिएको थियो। त्यसमा लेखिएको थियोः "सेवकहरू भित्रिने द्वार।" त्यस साइनबोर्डले व्याख्या गर्नुपर्ने सबै कुराको व्याख्या गर्दछ। गर्दैन त?

मानिसहरूसँग घुलमिल गर्न येशू खप्पिस हुनुभएको थियो। वर्तमान समयमा परमेश्वरको चर्च पनि समाजमा घुलमिल गर्न अति आवश्यक भएको महसुस गर्नुपर्छ। चर्चमा आउने विश्वासीहरू नुन हो र त्यस नुनको स्वादलाई परिचालन गर्न समाजमा घुलमिल गर्न अति आवश्यक छ।

"खरायो जस्तो दुलो भित्र लुक्न जाने चाहने मानिसहरूलाई सुसमाचार सुनाउन र आफ्नै जङ्गल वा संसारमा हराएर बस्न मनपराउने मानिसहरूलाई परमेश्वरले बोलाउनुभएको छैन। मननपर्ने कुरूपहरूसँग होस् वा गरिब निम्तस्तरका मानिसहरूसँग होस् वा निरर्थक सम्झेर हराइरहेकाहरूसँग होस् येशूले जस्तै सबैसँग घुलमिल गर्न परमेश्वरको अगमवक्ताले अचम्मको आह्वान गर्नुहुन्छ। मानिसहरूको भोजभतेरमा उहाँ सम्मिलित हुनुभयो र मानिसहरू जहाँ थिए त्यहीँ उहाँ पुग्नुभयो। आफूसँग रहेको विश्वासलाई येशूले कहिलै पनि धोक्का दिनुभएन। जहाँ जहाँ पापीहरू छन् त्यहाँ त्यहाँ जान उहाँ मन पराउनु हुन्थ्यो। जो पापी भनेर कहलाइएकाहरू थिए तिनीहरू येशूसँग बस्ने असाध्ये रमाइलो मान्थे तर आफू धर्मात्मा, चोखो र सन्त छु भन्ने खालका मानिसहरू उहाँसँग रहन अत्यन्त असजिलो मान्थे। तर धर्मी छु भनेर देखाउन चाहने मानिसहरूको मनस्थितिप्रति उहाँले ध्यान दिनुभएको थिएन, किनभने उहाँको महत्त्वपूर्ण लक्ष्य के थियो सो उहाँलाई थाहा थियो। उहाँ पापीहरूलाई उद्धार गर्न आउनुभएको थियो। त्यो लक्ष्य उहाँको थियो र हाम्रो पनि हुनुपर्छ। त्यसैलाई नै मध्यनजर राखेर जुनसुकै धर्मका खोलहरू ओढेर आफू धर्मात्मा छु भनेर हात बाँधेर बस्न चाहनेहरू नाराज किननहुन वा रिसले किन नजुमूर्याउन हामी पनि येशूको लक्ष्यबाट बिचलित हुनुहुँदैन।... सुरक्षित स्थानहरूमा होस्

वा झोपडपट्टीहरूमा होस् एडभेन्टिस्टहरू धेरै वर्षसम्म आफूहरू आफ्नै बन्ध कोठाहरूमा बन्दक बनाइराखेका छन् मानौं संसारसँग तिनीहरूको कुनै सरोकार छैन। अब त्यसरी बस्ने समय सकियो। अरूहरूबाट अलग भएर हामीहरू होस् वा चर्च नै किननहोस् बस्न सक्दैनौं न त बस्न साहस पनि गर्नुपर्छ। त्यसो गर्दा हामीहरूले हामीले प्रिय मानेका आस्थालाई त्यागेको ठहर्न सक्छ। व्यक्तिगत रूपमा होस् वा चर्च भएर होस् समाजमा हामी पस्ने समय भएको छ।"-रसेल बरिल, *हाऊ टु ग्रो आन् एडभेन्टिस्ट* चर्च (फलब्रुक, क्यालिफोर्नियाः हार्ट बुकस्, २००९), पृ. ५०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. यदि हामीहरू धर्मात्मा छौं भनेर अरू मानिसहरूबाट लुकेर बस्यौं भने त्यो हामीले हामीहरूको आस्था वा धर्मलाई त्याग गरेको ठहर्छ भन्ने सोचको बारेमा सोच्नुहोस्। के त्यो अभिव्यक्ति अत्यन्त कडा छ? वा लेखकले कस्तो सही कुरा औंल्याउन खोज्नुभएको छ? उनले व्यक्ति गरेको भावनालाई पुष्टि दिन बाइबलका के के पदहरू छन् जसले तपाईंलाई याद दिलाउँछ? (यूहन्ना ३:१६लाई उत्कृष्ट मान्नुपर्छ)।

आ. मानिसहरूको सेवा गर्न हामीहरू तिनीहरूसँग घुलमिल हुनुपर्छ। हामीहरूले गर्ने कामहरूको सफलता पाउन चर्चका परिवारहरूको समर्थन पाउन अत्यन्त जरुरी छ भन्ने कुराहरू नबिर्सन किन जरुरी छ? हामी चर्च भएर यस संसारका विभिन्न मानिसहरूको सेवा गर्न कसरी एकजुट हुने?

इ. मानिसहरूलाई सुसमाचार सुनाउनुभन्दा चर्चमा बिबाद गरेर समय बिताउने प्रवृत्तिको बारेमा सोच्नुहोस्। यस खालको धरापमा नपर्न हामी कसरी सतर्क हुने?